# हलेसी तुवाचुङ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

प.स. २०८१/०८२
च.नं.

दुर्छिम, खोटाङ
कोशी प्रदेश, नेपाल

---

**कृषि, पशुपन्छी सँग सम्बन्धित लघु उधमीलाई ऋणको व्याज अनुदान सम्बन्धी सूचना।**

**दोश्रो पटक प्रकाशित मितिः २०८१/१०/२८**

प्रस्तुत विषयको सम्बन्धमा यस नगरपालिकाको आ.व. २०८१/०८२ मा विनियोजित बजेटबाट नगरपालिका क्षेत्रभित्र लघु उद्यम, कृषि तथा पशुपन्छीजन्य क्षेत्रको व्यवसाय प्रवर्धन गरी उत्पादन एवम् रोजगारी अभिवृद्धि गर्न, शिक्षित बेरोजगार युवाहरुलाई नगरक्षेत्र भित्र रोजगारीका अवसरहरु सिर्जना गर्न, विदेशबाट फर्केका युवाहरुको विदेशमा आर्जन गरेको सीप र व्यवसायिक दक्षता उपयोग गर्दै उनीहरुलाई स्वरोजगार बनाउन, उद्यमशील क्षमताको विकास गर्न, परम्परागत सीप र पेशालाई आधुनिकिरण एवम् प्रवर्द्धन गरी आर्थिक रुपमा विपन्न सिमान्तकृत समुदाय तथा लक्षित वर्गका उद्यमीहरुलाई सहुलियपूर्ण कर्जाको लागि ब्याज अनुदान उपलब्ध गराउने प्रयोजनार्थ ईच्छुक फर्म/कम्पनी/उद्योग व्यवसायी/व्यक्तिहरुले कृषि, पशुपन्छी सँग सम्बन्धित लघु उद्यमीलाई ऋणको व्याज अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा ३ बमोजिमका क्षेत्रहरु मध्ये कुनै एक क्षेत्र स्वयंले छनौट गरी नगरपालिकाले सम्झौता गरेको बैंकमा ऋण सम्बन्धि सम्पूर्ण प्रकृयाहरु पुरा गरी अनुसूची १ (एक) बमोजिमको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आवश्यक कागजात सहित यस कार्यालयमा निवेदन पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजातहरु:**

१. अनुसूची १ बमोजिम ढाँचामा निवेदन,
२. सम्बन्धित वडा कार्यालयको सिफारिस,
३. यसै प्रकृतिको कृषि कर्जा नलिएको स्वःघोषणा पत्र,
४. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ थान,
५. सम्बन्धित व्यक्तिको फोटो पासपोर्ट साईज २ प्रति,
६. व्यवसाय दर्ता प्रमाणपत्र प्रतिलिपि १ थान,
७. स्थायी लेखा नम्बर प्रमाणपत्र प्रतिलिपि १ थान,
८. आ.व. २०८०/०८१ कर चुक्ता प्रमाणपत्र र अडिट रिपोर्ट प्रमाणपत्र प्रतिलिपि १ थान,
९. जग्गा धनी पुर्जाको फोटोकपी र आ.व. २०८०/०८१ को तिरो तिरेको रसिदको प्रतिलिपि १ थान,
१०. व्यवसाय संचालन स्थलको वडा कार्यालयको चारकिल्ला प्रमाणित भएको सिफारिस,
११. व्यवसाय संचालन स्थल ब्लुप्रिन्ट नक्सा (नापि कार्यालयबाट),
१२. पारिवारिक विवरण
१३. व्यवसायिक कार्य योजना

वसन्त गिरी
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-१

### ब्याज अनुदानमा कृषि, पशुपन्छी र लघु उद्यमी आवेदन फाराम

**क. फर्म उद्यमीको विवरणः**

फर्मको नामः

उद्यमीको नामः सम्पर्क नंः

ठेगानाः प्यान/म्याट नं.:

नगरपालिकामा दर्ता भएको मितिः नविकरण भएको अन्तिम मितिः

मुख्य उत्पादन वा सेवाहरुः

संचालकहरुको नाम थर र स्थायी ठेगानाः

कुल लगानीः प्रत्यक्ष वा अप्रत्यक्ष कामदार संख्याः

**ख. ऋणीको विवरण**

नाम थरः स्थायी ठेगानाः

जातजातिः लिङ्गः

जन्ममितिः सम्पर्क नंः

नागरिकता नं.: नागरिकता जारी मिति र जिल्लाः

**ग. अन्य विवरणः**

(क) फर्म/व्यवसायको विमा गर्नु भएको छ वा छैनः (ख) कुनै संघ/संस्थाबाट ब्याज अनुदान लिनु भएको छ वा छैनः

(ग) फर्म सचालन गर्न नगरपालिका वाहेक अन्य कहाँ दर्ता गर्नु भएको छः-

(घ) फर्मका लागि आवश्यक पूर्वाधार के के छनः (ङ) के प्रयोजनका लागि ऋण अनुदान लिन खोज्नु भएको होः

माथि उल्लेखित विवरणहरु सत्य भएको व्यहोरा प्रमाणित गर्दछु।

हस्ताक्षर

आवेदकको पुरा नामः सम्पर्क नम्बरः

# स्व-घोषणा।

यस अघी मैले यस फर्म/उद्योगबाट नेपाल सरकार तथा नेपाल सरकारको मातहतमा रहेको संघ संस्था बाट कुनै पनि अनुदान लिएको छैन। म कुनै पनि आर्थिक कारोवारमा कालो सूचीमा परेको छैन। कुनै पनि आर्थिक हिनामिनामा संलग्न छैन। बैंकको नियम बमोजिम धितो जमानत दिई ऋणको किस्ता तिर्न नसकी कानुन बमोजिम लिलाम भएमा सो कार्यको जवाफदेही म तथा फर्म स्वयम् हुनेछ । मैले जे उद्देश्यको लागि ऋण लिएको छ सोही उदेश्यमा लगानी गर्नेछु। अन्यथा नेपाल सरकारको ऐन नियम साथै कृषि, पशुपन्छी र लघु उद्यमीलाई ऋणको व्याज अनुदान कार्यविधि, २०८१ वमोजिम सजाय भएमा मेरो मन्जुरी छ भनी स्वघोषणा पेश गर्दछु।

दस्तखतः

नामथरः

ठेगानाः

सम्पर्क नं.:

| निवेदकको औठा छाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |